# सामाजिक रुपमा पछाडी परेका सिमान्तकृत महिला समुदाय, दलित जनजाती अपांग मधेशी लगाएत सिमान्तकृत वर्ग लक्षित पशुपन्छीपालन कार्यक्रम कार्यान्वियन कार्यविधि, २०७३

प्रस्तावना

नेपालको पशुपन्छीपालनमा महिला, दलित, जनजाती, अपांग, मधेशी लगाएत सिमान्तकृत वर्गको महत्वपुर्ण भूमिका भएतापनि यस क्षेत्रलाई आधुनिक प्रविधि अनुसार व्यावसायिक रुपले अगाडि बढाउनका सकिएको छैन । सिमान्तकृत वर्गको भूमिका र संलग्नतालाई मूलप्रवाहीकरण र सशक्तिकरण अपर्याप्त छ । यी समुदायहरुलाई समेट्नका लागि नेपाल सरकारको सामाजिक रुपमा पछाडी परेका सिमान्तकृत महिला समुदाय, दलित जनजाती अपांग मधेशी लगाएत सिमान्तकृत वर्ग लक्षित पशुपन्छीपालन कार्यक्रमलाई व्यवस्थित, सरल, सहज, प्रभावकारी र पारदर्शि रुपमा स्थापना र सञ्चालन गर्न यो कार्यविधि नेपाल सरकार, पशुपन्छी विकास मन्त्रालयबाट जारी गरिएको छ।

## परिच्छेद १
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः

क) यो कार्यविधिको नाम "सामाजिक रुपमा पछाडी परेका सिमान्तकृत महिला समुदाय, दलित जनजाती अपांग मधेशी लगाएत सिमान्तकृत वर्ग लक्षित पशुपन्छीपालन कार्यक्रम कार्यान्वियन कार्यविधि, २०७३" रहेको छ।

ख) यो कार्यविधि नेपाल सरकार, पशुपन्छी विकास मन्त्रालयबाट स्वीकृत भएपछि प्रारम्भ हुनेछ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

१. "मन्त्रालय" भन्नाले पशुपन्छी विकास मन्त्रालय सम्झनु पर्नेछ।
२. "विभाग" भन्नाले पशु सेवा विभाग सम्झनु पर्नेछ।
३. "निर्देशनालय" भन्नाले पशु उत्पादन निर्देशनालय सम्झनु पर्नेछ।
४. "कार्यालय" भन्नाले जिल्ला पशु सेवा कार्यालय सम्झनु पर्नेछ।
५. "कार्यदल" भन्नाले जिल्ला पशु विकास कार्यदल सम्झनु पर्नेछ।
६. "कार्यविधि" भन्नाले "सामाजिक रुपमा पछाडी परेका सिमान्तकृत महिला समुदाय, दलित जनजाती अपांग मधेशी लगाएत सिमान्तकृत वर्ग लक्षित पशुपन्छीपालन कार्यक्रम कार्यान्वियन कार्यविधि, २०७३" सम्झनु पर्नेछ।

३. उद्देश्यः

क. सिमान्तकृत समुदाय लक्षित पशुपन्छीपालन कार्यक्रम सञ्चालन गरी उनीहरुलाई पशुपालनका क्षेत्रमा सशक्तिकरण तथा मूलप्रवाहीकरण गर्ने,
ख. लक्षित वर्गको खाद्य तथा पोषण सुरक्षामा टेवा पुर्याउने,
ग. लक्षित वर्गलाई रोजगारीको अवसर सिर्जना गरी आयआर्जनका माध्यमद्धारा जीविकोपार्जनमा सुधार ल्याउने,
घ. सिमान्तकृत समुदाय लक्षित कार्यक्रमलाई मितव्ययी/प्रभावकारी सरल र पारदर्शी रुपमा संचालन गर्ने

परिच्छेद २

दलित जनजाती अपांग मधेशी लगाएत सिमान्तकृत वर्ग लक्षित पशुपन्छीपालन कार्यक्रम (जिविकोपार्जन सुधार)

४. कार्यक्रमको क्षेत्रः

आ.व.२०७३/७४ मा यो कार्यक्रम तोकिएका जिल्लाहरुः पाल्पा, श्याङ्जा ,कञ्चनपुर, दार्चुला, वैतडी, नवलपरासी, वाग्लुङ, मकवानपुर, धनकुटा, झापा, गोरखा, म्याग्दी, सिराहा, अछाम, वाजुरा, सर्लाही, सुनसरी, वारा, मोरङ र दैलेख गरी जम्मा २० जिल्लाहरुमा सञ्चालन हुनेछ भने कार्यक्रमको प्रभावकारीता, आवश्यकता र बजेटको उपलब्धतालाई मध्यनजर राख्दै आगामी आ.व. मा जिल्लाहरु स्वीकृत कार्यक्रममा उल्लेख भए अनुसार हुनेछन् ।

५. कार्यक्रमका विषयगत क्षेत्रहरु

१. बाखा पालन कार्यक्रम
२. वंगुरपालन कार्यक्रम
३. कुखुरा पालन कार्यक्रम

६. कार्यक्रम सन्चालन प्रकृया

१. स्थान छनौट : बाखा, वंगुर र कुखुरा पालन कार्यक्रमका लागि जिल्ला पशु सेवा कार्यालयले पशु सेवा केन्द्रहरुको समेत सहभागितामा स्टाफ वैठकवाट निर्णय गरि स्थान छनौट गर्ने छ ।

२. अनुमोदन गराउनुपर्नेः जिल्ला पशु सेवा कार्यालयवाट निर्णय भै छनौट भएको स्थान जिल्ला पशु विकास कार्यदलवाट अनुमोदन गराउनुपर्नेछ ।

३. जिल्ला पशु सेवा कार्यालयले स्थानीय पत्रपत्रिका र एफ एम रेडियोवाट अनुसूची १ अनुसारको प्रस्ताव सम्वन्धी सूचना प्रवाह गर्नुपर्छ र सो सूचना जिल्ला पशु सेवा कार्यालय र सेवा केन्द्रमा समेत टाँस गर्नुपर्नेछ ।

४. छनौट भएका गाउ विकास समिति वा नगरपालिकावाट सहयोगका लागि दलित, जनजाती अपाग, मधेशी, लगाएत सिमान्तकृत कृषकले अनुसूची २ अनुसारको निवेदन सेवाकेन्द्र मार्फत जिल्ला पशु सेवा कार्यालयमा दिन सक्नेछन ।

५. प्राप्त निवेदनहरु छनौट गरी जिल्ला पशु सेवा कार्यालयको स्टाफ वैठकवाट निर्णय गराई मात्र कार्यक्रम कार्यान्वयन गराउनुपर्नेछ ।

६. समूह गठन गर्ने छनौट भएको स्थानमा कम्तीमा ५ जना कृषकको समुह गठन गरी कार्यक्रम कार्यान्वयन गरिनेछ ।

७. अन्य सहायक कार्यक्रम जिल्ला पशु सेवा कार्यालयको पशु सेवा प्रसारको कार्यक्रमवाट संचालन गर्ने व्यवस्था मिलाईनेछ ।

८. कार्य संपादनका आधारमा सम्वन्धित सेवा केन्द्रको सिफारिसमा एकै किस्तामा भुक्तानी दिने व्यवस्था मिलाईनेछ ।

९. बाखा पालनका लागि वाखा खरिद, खोर निर्माण, खोप,आहारा र परजिवि नियन्त्रण कार्यका लागि सहयोग उपलव्ध गराईनेछ। एक सदस्यका लागि दुई बाखाको पाठी उपलव्ध गराईनेछ ।

१०.वंगुरपालनका लागि वंगुरका पाठापाठी खरिद,खोर निर्माण, खोप र परजिवि नियन्त्रण कार्यका लागि सहयोग उपलव्ध गराईनेछ । एक सदस्यलाई दुई पाठापाठी उपलव्ध गराईनेछ ।

११.कुखुरा पालनका लागि प्रति कृषक कुखुराको २५ चल्ला वितरण,खोर निर्माण,खोप र परजिवि नियन्त्रण कार्यका लागि सहयोग उपलव्ध गराईने छ ।

१२.वितरण गरिने वाखाको जिउदो तौल कम्तीमा १८ के जी र प्रजननका लागि उमेर पुगेको हुनुपर्नेछ ।

१३.वंगुरका पाठापाठीको हकमा कम्तीमा ४५ दिनको हुनुपर्ने र उमेर र जात अनुसारको वृद्धि भएको हुनुपर्नेछ ।

७. आर्थिक नर्मस

दलित जनजाती अपांग मधेशी लगाएत सिमान्तकृत वर्ग लक्षित पशुपन्छीपालन कार्यक्रम(जिविकोपार्जन सुधार)

| सि.नं. | कार्य विवरण | ईकाई | परिमाण | वजेट रु | कैफियत |
|---|---|---|---|---|---|
| | बाख्रा पालन कार्यक्रमका लागि प्रति व्यक्ति (अधिकतम) | | | | |
| १ | बाख्रा वितरण प्रति कृषक | संख्या | २ | १४००० | प्रति व्यक्ति रु २३५०० का दरले २० कृषकलाई जम्मा रु ४७०००० र समुहका लागि गठन अभिमुखिकरण गरी रु ३०००० |
| २ | बाख्राको खोर निर्माणमा सहयोग प्रति कृषक | संख्या | १ | ६००० | |
| ३ | बाख्राको , परजिवि नियन्त्रण, खोप प्रति कृषक | पटक | ३ | ३००० | |
| ४ | डालेघांसका विरुवा ढुवानी तथा वितरण २० कृषक | | १००० | १०००० | |
| | समूह गठन अभिमुखिकरण विविध २० कृषक | | | ३०००० | |
| | जम्मा | | | | |
| | कुखुरा पालन कार्यक्रमका लागि प्रति व्यक्ति | | | | |
| १ | ड्युल प्रपोजका कुखुराको चल्ला वितरण प्रति कृषक | संख्या | २५ | १५०० | प्रति व्यक्ति रु ९००० का दरले ५० कृषकलाई जम्मा रु ४५०००० र समुह गठन |
| २ | खोर निर्माणका लागि सहयोग प्रति कृषक | संख्या | १ | ६००० | |
| ३ | खोप, औषधी, परजिवि नियन्त्रणका प्रति कृषक | पटक | २ | १५०० | |
| | समूह गठन अभिमुखिकरण ५० कृषक | | | ५०००० | |
| | वंगुरपालन कार्यक्रमका लागि प्रति व्यक्ति | | | | |
| १ | पाठापाठी वितरण प्रति | संख्या | २ | १०००० | प्रति व्यक्ति रु २२००० का दरले २० कृषकलाई जम्मा रु ४४०००० र समुहका लागि |
| २ | खोर निर्माणमा सहयोग प्रति कृषक | संख्या | १ | १००.०० | |
| ३ | परजिवि नियन्त्रण, खोप | पटक | २ | २००० | |
| | समूह गठन अभिमुखिकरण र विविध २० कृषकका लागि | | | ६०००० | |

परिच्छेद ३

सामाजिक रुपमा पछाडी परेका सिमान्तकृत महिला समुदाय लक्षित पशुपन्छीपालन कार्यक्रम (निर्वाहमुखिवाट व्यवसायिकतातर्फ उन्मुख गर्न सम्भावित कृषक लक्षित )

८. कार्यक्रमको क्षेत्र:

आ.व. २०७३/७४ मा यो कार्यक्रम तोकिएका जिल्लाहरु: पाँचथर, तेह्रथुम, दैलेख, वाग्लुङ, वैतडी, म्याग्दी ताप्लेजुङ्ग, भोजपुर, खोटाङ्ग, सिरहा, महोत्तरी, सिन्धुपाल्चोक, धादिङ्ग, रौतहट, गोरखा, गुल्मी, अर्घाखाँची, अछाम, जाजरकोट,

ख) कार्यक्रमबाट अपेक्षित प्रतिफलः

प्रस्तुत कार्यक्रमबाट निम्नानुसारको प्रतिफल प्राप्त हुने अपेक्षा गरिएको छः

१. तोकिएका वर्गका महिला कृषकहरुले ५० चल्ला प्राप्त गरेपछि बढिमा ५% मृत्युदरलाई समेत ध्यानमा राख्दा कम्तिमा २३ पोथीहरुले ६ महिनापछि अण्डा पार्न सुरु गर्ने र हप्तामा कम्तिमा प्रति कुखुरा ४ अण्डाका दरले ९२ अण्डा प्राप्त हुने । ३५ अण्डा पारिवारीक उपभोगमा प्रयोग भई प्रतिहप्ता ५७ गोटा अण्डाको बिक्री गरी रु. १००० का दरले अण्डाबाट वार्षिक ५०,००० र भाले कुखुरा (२३×२ लट =४६) ४६×२ के.जी.=९२ के.जी. मासु बिक्रीबाट रु. ४६,००० र मलबाट ४००० गरी गरी वार्षिक रुपमा जम्मा रु. १ लाख प्रति परिवारका दरले आम्दानी गर्दै खाद्य तथा पोषण सुरक्षामा समेत अभिवृद्धि हुनेछ ।

(ग) कुखुरापालनको क्रियाकलापहरुलाई मध्यनजर राखी अन्य बाख्रापालन, बंगुरपालन क्षेत्रमा काम गर्न चाहेमा समेत सम्बन्धित जिल्ला पशु सेवा कार्यालय वा पशु सेवा केन्द्रका प्राविधिकहरुको सहयोगमा यसै कार्यविधिलाई आधारमानी नयाँ कार्ययोजना बनाई समूहले कार्यक्रम अगाडी बढाउन सक्नेछ भने वार्षिक विनियोजित बजेटको परिधिभित्र रही सम्बन्धित जिल्लाले समूहलाई अनुदान रकम, पशु खोप, उपचार र प्राविधिक सेवा उपलब्ध गराउने छ ।

११. आर्थिक कार्यविधिः सामाजिक रुपमा पछाडी परेका सिमान्तकृत महिला समुदाय लक्षित पशुपन्छीपालन कार्यक्रम (निर्वाहमुखिबाट व्यवसायिकतातर्फ उन्मुख गर्न सम्भावित कृषक लक्षित )

| क.सं. | कार्यक्रमको विवरण | संख्या | रु. हजार प्रतिजिल्ला |
|---|---|---|---|
| १ | समूह/समिति गठन (५ समूह) | १ | २५ |
| २ | समूहलाई अभिमुखीकरण तथा सशक्तिकरण तालिम (५ समूह) | २ पटक | ५० |
| ३ | समूह/DLAT बाट कार्यक्रम तर्जुमा | ५ | २५ |
| ४ | असल पशुपालन व्यवस्थापन अभ्यास (गोठ सुधार, जैविक सुरक्षा, वैकल्पिक उर्जा, आदि) | १०० परिवार | ८०० |
| ५ | ह्याचरी, अण्डा खरिद, वितरण व्यवस्थापन | १०० परिवार | १५०० |
| ६ | बजार सञ्जाल व्यवस्थापन | १ | १०० |
| | जम्मा | | २५,०० |

१२. आर्थिक प्रशासन सेवाः

कार्यक्रमको लेखा, लेखांकन, लेखा परिक्षण तथा आर्थिक कारोबार गर्दा आर्थिक कार्यविधि ऐन, २०५५ आर्थिक कार्यविधि नियमावली, २०६४, सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम गरिनेछ।

१३. अनुगमन, मूल्यांकन तथा प्रतिवेदन सम्बन्धि व्यवस्थाः

यस कार्यक्रमको अनुगमन मन्त्रालय, विभाग, निर्देशनालय, क्षेत्रीय पशु सेवा निर्देशनालय र कार्यालयहरुले गर्नेछन् र सोको मासिक प्रतिवेदन र प्रगति सम्बन्धित क्षेत्रीय पशु सेवा निर्देशनालयहरुमा पठाउनु पर्ने छ । मासिक, चौमासिक तथा वार्षिक प्रगति प्रतिवेदन लगायतका उपलब्धीहरु विभाग मार्फत मन्त्रालयमा पठाउनु पर्नेछ ।

१४. थपघट वा हेरफेर गर्न सक्ने

१. यो कार्यविधिको कार्यान्विनलाई थप व्यवस्थित र प्रभावकारी बनाउन मन्त्रालयले आवश्यकता अनुसार यस कार्यविधिमा थपघट, हेरफेर तथा खारेज गर्न सक्नेछ ।

२. यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अवरोध र अस्पष्टता आएमा त्यस्तो बाधा अवरोध फुकाउने प्रयोजनका लागि मन्त्रालयले आवश्यकता अनुसार व्याख्या गर्न सक्नेछ ।

अनुसूची–१

निवेदन आव्हानको सूचनाको ढाँचा

.......................कार्यालय

प्रथम पटक प्रकाशित मिति : ............

यस कार्यालयको आ.व. २०...../.....को वार्षिक स्वीकृत कार्यक्रम अनुसार दलित जनजाती अपांग मधेशी लगाएत सिमान्तकृत वर्ग लक्षित पशुपन्छीपालन कार्यक्रम/ सामाजिक रुपमा पछाडी परेका सिमान्तकृत महिला समुदाय लक्षित पशुपन्छीपालन कार्यक्रम रहेकाले इच्छुक सम्वन्धित कृषकबाट दरखास्त आह्वानको लागि यो सूचना प्रकाशित गरीएको छ । यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले १५ दिनभित्र तोकिएको ढाँचा अनुसारको आवेदन फाराममा दरखास्त दिनुपर्नेछ । पुनश्चः आवेदन साथ तपसिल अनुसारका कागजातहरु संलग्न राख्न समेत यसै सूचनाद्धारा सुचित गरिन्छ ।

तपसिल

१. अनुसूची २ अनुसारको आवेदन फाराम
२. संक्षिप्त कार्ययोजना
३. नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि
४. सम्वन्धित गाँउ विकास समिति वा नगरपालिकावाट सामाजिक रुपमा पछाडी परेका सिमान्तकृत महिला/ दलित जनजाती अपांग मधेशी लगाएत सिमान्तकृत वर्गको पहिचान हुने सिफारिसपत्र ।

अनुसूची – २

सहयोग प्राप्त गर्नको लागि दिईने आवेदन पत्र

श्रीमान् कार्यालय प्रमुखज्यू,
जिल्ला पशु सेवा कार्यालय
.....................

विषय : सहयोग उपलब्ध गराई दिने बारे ।

महोदय,

मलाई पशुपन्छीपालनमा सहयोग प्राप्त गरी .................................. कार्य गर्न तिव्र ईच्छा भएकोले निम्नानुसार कागजात राखी निवेदन गर्दछु । मैले अनुदान सहयोग प्राप्त गरेमा निर्धारित प्रकृया अनुसार सम्बन्धित जिल्ला भित्रै रही कार्य गर्नेछु ।

पुनश्च: तपसिल अनुसारका कागजातहरु यसै निवेदन साथ संलग्न राखेको व्यहोरा समेत अनुरोध गर्दछु ।

तपसिल

१. नेपाली नागरिकताको प्रमाणित प्रतिलिपी
२. सम्वन्धित गाउ विकास समिति वा नगरपालिकावाट सामाजिक रुपमा पछाडी परेका सिमान्तकृत महिला दलित जनजाती अपांग मधेशी लगाएत सिमान्तकृत वर्ग पहिचान हुने सिफारिसपत्र
३. संक्षिप्त कार्ययोजना

निवेदकको
नाम:
दस्तखत :
संस्था/व्यक्ति:
ठेगाना: